प्रदेश सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

संक्रामक तथा सरुवा रोग अस्पताल

# अस्पताल व्यवस्थापन तथा संचालन समिति

पोखरा-३०, मोहोरिया, कास्की

## कर्मचारी करार सेवामा लिने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०९/१३

यस संक्रामक तथा सरुवा रोग अस्पताल, पोखरा म.न.पा.-३०, मोहोरिया कास्कीको लागि निम्नानुसारका पदहरु करार सेवाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १/०७९-८० | ल्याब टेक्निसियन | सहायक पाँचौं | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट CMLT वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| २/०७९-८० | रेडियोग्राफर | सहायक पाँचौं | १ (एक) | मान्यताप्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफर वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |

नोट :

१. **दरखास्त फाराम पाइने स्थान :** संक्रामक तथा सरुवा रोग अस्पताल, पोखरा-३०, मोहोरिया कास्कीको प्रशासन शाखाबाट पाइनेछ । साथै यस कार्यालयको वेवसाइट https://icdh.gandaki.gov.np मा डाउनलोडमा गई दरखास्त फाराम डाउनलोड समेत गर्न सकिनेछ ।

२. **दरखास्त दस्तुर :** रु. ५००।- (पाँच सयमात्र) निम्नबमोजिम दाखिला गरी सक्कलै बैंक भौचर आवेदन फाराम साथ संलग्न गर्नुपर्ने ।

**(क) परीक्षा दस्तुर बुझाउनुपर्ने बैंक :** राष्ट्रिय वाणिज्य बैंक, कास्की, पोखरा

**(ख) राजश्व खाता नं :** १०००१००२०००१००००

**(ग) राजश्व शीर्षक नं. :** १४२२४ (परीक्षा शुल्क)

**(घ) कार्यालय कोड नं :** ३५५०६३९०३४ (संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की)

**३. दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि, म्याद कायम रहेको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव तथा तालिमसम्बन्धी प्रमाणपत्रको प्रतिलिपि । (उक्त कागजातहरु "सक्कल वमोजिम नक्कल दुरुस्त छ" भनी दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने ।)

(ख) दरखास्त दिने अन्तिम दिनभित्र माथि ३ (क) मा उल्लेखित सम्पूर्ण कागाजत एवं प्रमाणपत्र हासिल गरिसकेको हुनु पर्नेछ । साथै समकक्षता खुलाउनु पर्ने भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ । रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिने छैन ।

**४. दरखास्त दिने मिति र स्थान :** २०७९ पौष १९ गतेसम्म (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म) कार्यालय समयमा यस अस्पतालको प्रशासन शाखामा ।

**५. उमेर :** प्रदेश लोक सेवा आयोगले तोके बमोजिम हुने ।

**६. परीक्षाको किसिम :** अन्तर्वार्ता एवं सीप परीक्षण (अनुभवी, स्थानीय र रात्री सिफ्टमा सेवा प्रदान गर्न सक्नेलाई प्राथमिकता दिइनेछ) यसका साथै उम्मेदवारले पेश गरेको मासिक पारिश्रमिक दरलाई समेत आधार लिइनेछ ।

**७. करार अवधि :** हाललाई ३ महिनाको लागि (आवश्यकता अनुसार अस्पताल व्यवस्थापन तथा संचालन समितिको निर्णय अनुसार थप हुन सक्नेछ)

**८. पारिश्रमिक तथा सेवा सुविधा :** सम्बन्धित पदको लागि नेपाल सरकारबाट तोकिएको न्यूनतम् स्केलमा नबढ्ने गरी उम्मेदवारले पेश गरेको प्रस्ताव बमोजिम हुने ।

**९. सम्पर्क मिति :** २०७९ पौष २० गते कार्यालय समयभित्र ।

**१०. अन्तरवाता मिति :** सम्पर्क मितिका दिन तोकिनेछ ।

थप जानकारीका लागि कार्यालय समयभित्र अस्पतालको फोन नं ०६१-५६१३६६/५६१२६८ मा सम्पर्क गर्न सकिनेछ ।

**दस्य-सचिवस**